लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

पत्र संख्या : २०८३/०८४

कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति:२०८३/०७/१७)

आ.व. २०८३।८४ मा यस केन्द्रको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति:-२०८३/०७/१७ देखि मिति:-२०८३।०८।०७ गते भित्र) यस केन्द्रमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा,व्यवसायिक योजना प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, संचालन कार्यविधि मापदण्ड यस कार्यालयको सूचनापाटी/ कार्यालयको वेबसाईट (www.akcarghakhanchi.gov.np) बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं ०७७४२०१२६ /९८५७०६३९२६ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल :

क्र.सं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
१	सिंचाइ सहित कृषि विकास कार्यक्रम	• सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद, • सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार ,स्यालो ट्यूववेल जडान।	• फर्म/ कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने, • फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे . सिंचित क्षेत्र विस्तार गर्नुपर्ने, • यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने, • लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।	• सिंचाइ पूर्वाधार निर्माणको हकमा अधिकतम ८५ प्रतिशत र मोटर , पम्पसेट तथा डेलिभरी पाइपमा ५० प्रतिशत अनुदान सहयोग, • फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु १ लाख ५० हजारसम्म, कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु.३ लाखसम्म।
२	मौरी प्रवर्द्धन कार्यक्रम	• मह मदानी, सुपर सहितको मौरी घार, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, व्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद • उन्नत/कृत्रिम रानु खरिद प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने, • मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनु पर्ने।	• अधिकतम रु. १ लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।

"कृषि मुलश्च जीवनम् "

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६ Email: akcarghakhanchi@gmail.com Website: www.akcarghakhanchi.gov.np

कृष्णराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

पत्र संख्या : २०८३/०८४

क्र.सं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
३	रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम	• खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका बाली तथा वस्तुको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक) ।	• उत्पादन/संकलन/प्रशोधन/ बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, • उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने,	• उत्पादन सामाग्रीको हकमा ७५ प्रतिशत र उत्पादन प्रशोधनतथा बजारीकरण यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान। • प्रति अनुदानग्राही रु. पचास हजारमा नबढ्ने गरी कार्यक्रम सञ्चालन गर्ने।
४	मागमा आधारित कृषि विकास कार्यक्रम	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले माग गरेका बालीबस्तुको उत्पादन/ प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु, • उत्पादन/प्रशोधन/बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामग्री।	• कार्यालयले प्रस्तावकसँग कार्ययोजना सहितको प्रस्ताव मागको सूचना आवहान गर्नुपर्ने, • कार्यालयले प्राप्त प्रस्तावलाई निर्धारित सूचकका आधारमा मूल्याङ्कन गरी आयोजना छनोट गर्नुपर्ने।	• प्रति अनुदानग्राही बढीमा रू. १ लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
५	कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम	• स्वदेशी/स्थानीय उत्पादनको सङ्कलन, प्याकेजिङ, ग्रेडिङ र बजारीकरण सामग्रीमा सहयोग • बजार सूचनासँग सम्बन्धित क्रियाकलापहरु बजार मूल्य) सूचना प्रवाह/डिस्प्ले, डिजिटल भुक्तानी प्रणाली, बजार तथ्याङ्क व्यवस्थापन।	• कृषि फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी/बजार समिति सहभागि हुन सक्ने। • व्यावसायिक रुपमा स्थानीय स्तरमा कृषि उपज उत्पादन गरी वा स्वदेशी/स्थानीय उत्पादन सङ्कलन, ग्रेडिङ तथा प्राथमिक प्रशोधन गरिरहेका कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारीबजार समितिले / आवेदन दिन सक्ने। • सामुहिक रुपमा सञ्चालित व्यवसायलाई प्राथमिकता दिन सकिने।	• प्रति अनुदानग्राही अधिकतम रू. एक लाख नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत तह

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६ Email: akcarghakhanchi@gmail.com Website: www.akcarghakhanchi.com

पत्र संख्या : २०८३/०८४

क्र.सं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
६.	कृषि सहकारी मार्फत कृषि यान्त्रिकीकरण कार्यक्रम	• सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद, • कार्यालयले वितरणको अभिलेख राख्ने।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने, • कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने।	• फर्म/कम्पनीको हकमा प्रति अनुदानग्राही अधिकतम रू. एक लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग, • कृषक समूह/कृषि सहकारीको हकमा प्रति अनुदानग्राही अधिकतम रू. पाँच लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
७.	सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम	• सहकारी संघ/संस्थाहरू मार्फत कृषि/पशुपक्षी जन्य उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामग्रीमा सहयोग	• सहकारी संस्थाको रूपमा अनुगमन मन्त्रालयले निर्धारण गरे बमोजिमको जाँचसूची (चेकलिस्ट) अनुसार हुनेछ। • सहकारी संघ/संस्थाहरूले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्नेछ। • सहकारी संघ/संस्थाहरूले नयाँ व्यवसाय आफैले सञ्चालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तारसँग सम्बन्धित क्रियाकलापहरू थप गरी सञ्चालन गर्नुपर्नेछ। • दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरू हुनुपर्ने।	• सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कुल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने।

नोट :- कृषि,पशुपंक्षी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८३ बमोजिम कार्यक्रम संचालन गरिनेछ।

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दर्शी नह

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६ Email: akcarghakhanchi@gmail.com Website: www.akcarghakhanchi.com

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

पत्र संख्या : २०८३/०८४

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन (अनुसूची २३ र २४ अनुसार)।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
३. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
४. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसूची २४ अनुसार)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र कम्तिमा १० बर्षको)।
८. समूह / सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि वैठक निर्णयको प्रतिलिपि।

पुनश्चः उल्लेखित मिति भित्र आबश्यक कागजात तथा प्रकृया नपुगेका आवेदनहरु माथी प्रकृया अघि बढाउन कार्यालय बाध्यहुने छैन र गत आ.व. मा छनौट भई कार्य सम्पन्न नगरेका (समूह/निजी फर्म/कम्पनी/सहकारी)लाई समावेश गरिने छैन।

थप जानकारीको लागि

कृषि ज्ञान केन्द्र, अर्घाखाँची
फोन नं. : ०७७-४२०१२६
सुचना अधिकारी:-९८५७०६९९२६
कार्यलय प्रमुखः-९८५७०६३९२६
वेबसाइट : www.akcarghakhanchi.gov.np

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह